☎ :081-523641, 520338, 520316

# नेपालगंजउप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज बाँके

लुम्बिनी प्रदेश, नेपाल

## औषधि आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आहवानको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७८।०२।१०)

**सूचना नं. : ०२।०७७।०७८ (स्वास्थ्य)**

यस उप–महानगरपालिकाको लागि आवश्यक औषधि सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक न्यक्ति, फर्म, तथा कम्पनीबाट निम्नशर्तहरूको अधिनमा रही रित पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखानम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७६/०७७ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अथवा म्याद थपको पत्र र निवेदन सहित तोकिएको सिलबन्दी दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८।०२।२५गते) दिनको १२:०० बजे भित्र सिलबन्दी दरभाउदाताले सार्वजनिक अनुगमन कार्यालयको **www.bolpatra.gov.np** बाट ठेक्काको लागि **download** तथा **upload** गर्न सक्ने न्यवस्था गरिएको छ। यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ग -१-१-४१३०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई सिलबन्दीकागजात साथ **upload** गर्नु पर्नेछ । Hard copy पनि कार्यालयमा दर्ता गर्न सकिनेछ । Hard copy दर्ता गरेको हकमा पेश भएको कागजातहरूको नियमानुसार प्रमाणित प्रतिलिपि पेश गरेको हुनुपर्नेछ । Hard copy दर्ताको लागि दरभाउपत्र कागजात **download** गरी म्यादभित्र दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयका अधिकार प्राप्त अधिकृतको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्नेछ । दरभाउपत्र फाराममा दरभाउपत्रदाताले रीतपूर्वक सही तथा छाप समेत लगाएको हुनुपर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन (२०७८।०२।२५) को १४:०० बजे दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरूका प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ रू.९०,०००।००. (अक्षरूपी नब्बे हजार मात्र) रकम बराबर नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकलि, स्थित यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरको भौचर वा मान्यत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक जमानीपत्र (विडवन्ड) पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचना अनुसारको अंकको सार्वजनिक खरिद ऐन २०६३ र नेपालगंज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियामावली, २०७६ अनुसार हुने रकम बराबरको धरौटी यसउप–महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकलि, नेपालगंज स्थित धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको कार्यसम्पादन जमानतपत्र पेश गर्नु पर्ने छ ।

७. औषधि खरिद गर्दा स्वास्थ्य तथा जनसंख्या मंत्रालयद्वारा जारी Certificate of Good Manufacturing Practices (GMP) प्राप्त भएको हुनु पर्नेछ र बांकी औषधीहरू स्ट्रीपमा हुनुपर्नेछ ।

८ खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनु पर्नेछ।सो भन्दा घटी म्याद भएका औषधिहरू स्वीकार गरिने छैन ।

९. औषधि आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधिहरूको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधि तथा समाग्रीहरूमा निःशुल्क वितरणका लागि भन्ने अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।

१०. प्रत्येक औषधिहरूको औषधि निर्यातकर्ताले औषधि न्यवस्था विभागबाट म्यादभएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११. सारभूत रूपमा प्रभावग्राही दरभाउपत्रहरू मध्ये आइटमवाइज सबैभन्दा घटीदर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१२. यस सूचनामा नपरेका विषयको हकमा प्रचलित कानुन कानुन बमोजिम हुनेछ । थप जानकारीको लागि कार्यालयको फो.न .०८१-५२०३१६ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | सूचना नं. | बिवरण | दरभाउपत्र दस्तुर | जमानत रकम | लागतअनुमान रकम(भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | ००२/२०७७–७८ (स्वास्थ्य) | औषधी खरिद | रू.१०००। | रू.९०,०००। | रू.३५,९५,५१९।६४ (अक्षरूपी पैतिस लाख पन्चानब्बे हजार पाँच सय उन्नाइस रूपैया चौसट्ठी पैसा मात्र) । |

हिरालाल रेग्मी

प्रमुख प्रशासकीय अधिकृत